# बेपत्ता व्यक्तिको छानविन सन्दर्भमा गोपनियता कायम गर्ने कार्यविधि, २०७५

<u>आयोगबाट स्वीकृत मिति</u>

२०७५/०४/२३

**प्रस्तावना -**

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्यनिरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा १७(५) मा आयोगमा वयान वा वकपत्र गर्ने, कुनै सूचना, जानकारी, वा प्रमाण दिने व्यक्तिले आफ्नो नाम गोप्य राख्न चाहेमा आयोगले त्यस्तो व्यक्तिको नाम गोप्य राख्नु पर्ने तथा दफा १९(२) मा कुनै पनि व्यक्तिको इज्जत, आत्मसम्मान, गोपनियता वा सुरक्षामा प्रतिकूल असर पर्ने, शान्ति र सु-व्यवस्थामा खलल पर्ने वा छानविन प्रकृयालाई प्रतिकुल असर पार्ने काम कारवाही गोप्य राख्न सकिनेछ साथै वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग नियमावली, २०७२ को नियम २८ मा साक्षी, पीडित, उजूरीकर्ता वा आयोगको काममा सहयोग गर्ने व्यक्तिको नाम थर, ठेगाना, हुलिया, लगायत परिचयात्मक विवरण गोप्य राख्नुपर्ने व्यवस्था भएकोले उल्लिखित कानूनी प्रावधानको प्रभावकारी रुपमा प्रयोग एवं पालना गरी गराई आयोगबाट गरिने छानविन कार्यलाई व्यवस्थित र मर्यादित बनाई पीडितको सुरक्षा, इज्जत, आत्मसम्मान तथा गोपनियताको हकमा आँच नआउने व्यवस्था गर्न जरुरी देखिएकोले बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग नियमावली, २०७२ को नियम ४२ ले दिएको अधिकार प्रयोग गरी आयोगले देहायका कार्यविधि वनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ -**

१. यस कार्यविधिको नाम "बेपत्ता पारिएका व्यक्तिको छानविनका सन्दर्भमा गोपनियता कायम गर्ने सम्बन्धी कार्यविधि, २०७५" रहेको छ ।

२. यो कार्यविधि आयोगबाट स्वीकृत भएका मितिदेखि प्रारम्भ हुनेछ ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -**

१. उजूरी- उजूरी भन्नाले यस आयोगमा बेपत्ता पारिएको व्यक्तिको सम्बन्धमा दर्ता भएको उजूरी निवेदन, पुरक उजूरी निवेदन समेतलाई जनाउँछ ।

२. 'छानविन' भन्नाले - सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिको छानविन सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन २०७१ तथा वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग नियमावली २०७२अनुसार गरिने छानविन लाई बुझाउँछ ।

३. 'अनुसन्धान अधिकारी' भन्नाले बेपत्ता पारिएका व्यक्तिको सम्वन्धमा आयोगले छानविन गर्न तोकेको अनुसन्धान अधिकारी सम्झनु पर्छ र सो शब्दले आयोगबाट अनुसन्धान गर्नका लागि गठन गरिएका उपसमिति वा कार्यटोली समेतलाई जनाउँछ ।

## ३. गोपनियता कायम गर्नपर्ने विषय

१. आयोगको छानविनसँग सम्वन्धित साक्षी, पीडित, उजूरीकर्ता वा आयोगको छानविनको काममा सहयोग गर्ने व्यक्तिको वास्तविक नामथर, ठेगाना,पेशा र उमेर

२. उपदफा (१) मा उल्लिखित व्यक्तिको नामथर ठेगानाको अतिरिक्त निजको तिनपुस्ते, हुलिया लगायतका परिचय खुल्ने विवरण

३. उजुरीको व्यहोरा -

## ४. उजरीको गोपनियता कायम गर्ने -

व्यक्ति बेपत्ता पारिएको विषयमा उजूरी लिँदा वा उजूरी उपर छानविन गर्ने क्रममा उजुरीकर्ताको वास्तविक परिचयात्मक विवरण गोप्य राख्नु पर्ने भएमा निम्न लिखित प्रक्रिया अपनाउनु पर्नेछ-

१. उजूरीको वास्तविक परिचयात्यमक विवरण उल्लेख गरिएको उजूरीर त्यससँग संलग्न सक्कल कागजको साथमा उजूरीकर्ताको काल्पनिक वा साङ्केतिक परिचयात्मक नाम लेखिएको अनुसूची बमोजिमको विवरण संलग्न राखी सो विवरणमा उजूरी लिने कर्मचारीले दस्तखत गरी सम्बन्धित उजूरीकर्ताको दस्तखत गराई छुट्टै खाममा सिलबन्दी गरी खाम बाहिर दिहाएको संकेत नाम वा अंक लेखि सक्कल उजूरी भन्ने जनाई सो शिलबन्दी खाम मिसिलमा गर्ख्न पर्नेछ ।

२. माथि दफा ४(१) बमोजिमका कागजात खामवन्दी गर्नु पूर्व उजूरी वा उजुरवालाबाट पेश भएका कागजातको प्रतिलिपि तयार गरी सो मा वास्तविक परिचयात्मक विवरणको सट्टा यसै दफा ४(१) मा उल्लेख भए बमोजिम उजूरीकर्ताको काल्पनिक वा साङ्केतिक नाम लेखी मिसिलमा राखी उजूरी व्यहोराका रुपमा काल्पनिक वा सांकेतिक नाम वा अंक लेखिएका कागजात नै प्रयोगमा ल्याउनु पर्नेछ ।

३. आयोगले गर्ने छानविनको क्रममा उजूरीकर्ताको वकपत्र वा कागज गराउँदा निजको परिचयात्मक विवरण गोप्य राख्नु परेमा माथि दफा ४ (१) (२) मा उल्लिखित प्रकृया अवलम्वन गर्नु पर्नेछ ।

४. यस दफा बमोजिम उजूरीकर्ताको परिचयात्मक विवरण गोप्य राखिएकोमा उजूरी दर्ता किताव र अन्य सम्बन्धित लिखत/कागजमा सोही काल्पनिक वा सांकेतिक नाम नै प्रयोग गर्नुपर्छ ।

**५. पीडित, साक्षी वा अन्य व्यक्तिको परिचय गोप्य राखे -**

१. पीडित.उजूरीकर्ता, साक्षी, आयोगको छानविन कार्यमा सहयोग पुयाउने व्यक्तिलाई बुझ्ने वा कागज गराउने क्रममा निजहरुको परिचयात्मक विवरण गोप्य राख्नु पर्ने भएमा पीडित वा साक्षी समेत निजहरुको छुट्टै काल्पनिक वा संकेतिक नाम वा अंक खुलाइएको अनुसूची वमोजिमको विवरण तयार गरी सो विवरणलाई गोप्य राख्नु पर्ने सक्कल कागजात साथै राखी खाममा सिलवन्दी गरी अनुसन्धान अधिकारी वा छानविन महाशाखा प्रमुखबाट प्रमाणित गराई मिसिलसाथ राख्नु पर्नेछ । कार्यटोलीको हकमा संयोजकले प्रमाणित गर्नुपर्नेछ।

२. पीडित, साक्षी, छानविन कार्यमा सहयोग पुयाउने व्यक्तिले गरेको कागज हेर्नुपर्ने भएमा सो सक्कल कागजको प्रतिलिपि नै प्रयोग गर्नु पर्नेछ ।

३. पीडित, साक्षी वा आयोगको कार्यमा सहयोग पुयाउने व्यक्ति समेतले छानविनको क्रममा आफ्नो वास्तविक परिचय गोप्य राख्न आवश्यक छैन भनी आयोग वा अनुसन्धान अधिकारी वा कार्यटोली समक्ष माग गरेमा त्यस्तो गोप्य राखिएको परिचयात्मक विवरण आयोग वा महाशाखा प्रमुखबाट गोप्य नराख्न सक्नेछ ।

**६. संरक्षक र परिवारका सदस्यको परिचय गोप्य राखे -**

उजूरीकर्ता, पीडित. साक्षी र आयोगलाई सहयोग गर्ने व्यक्तिको परिचयात्मक विवरण गोप्य राख्नु पर्दा निजको संरक्षक वा परिवारका सदस्यको नाम पनि गोप्य राखु पर्नेछ ।

**७. परिचय खुल्ने अन्य कागजात गोप्य राखे -**

आयोगको छानविनको सिलसिलामा प्राप्त हुन आएका कुनै प्रमाण कागजातमा उल्लिखित उजूरीकर्ता, पीडित, साक्षी मध्ये कसैको परिचयात्मक विवरण गोप्य राख्नुपर्ने रहेछ भने सो सक्कल लिखत, प्रमाण, कागजातको प्रतिलिपि तयार गर्न मिल्ने भए तयार गरी त्यस्तो प्रमाण, कागजमा उल्लिखित वास्तविक परिचयात्मक विवरणको सट्टा सम्बन्धित व्यक्तिको काल्पनिक वा साङ्केतिक नामको अनुसूची वमोजिमको विवरण वनाई सो सकल लिखत कागजात र संकेत नाम वा अंक विवरणलाई खाममा शिलबन्दी गरी खाम बाहिर सम्बन्धित व्यक्तिको काल्पनिक वा सांकेतिक नाम वा अंक र सक्कल कागज जनिने व्यहोरा लेखी सो सिलवन्दी खाम र सक्कल कागजको प्रतिलिपि मिसिलमा राखु पर्नेछ ।

**८. छानविनको चरणमा गोप्य राखे -**

आयोगले गर्ने छानविनको कुनै चरणमा आफ्नो परिचयात्मक विवरण गोप्य राखी पाभनी उजुरीकर्ता. पीडित साक्षी वा आयोगलाई जानकारी दिने व्यक्तिको माग गरेमा आयोगले त्यस्तो परिचयात्मक गोप्य राखु पर्नेछ।

**९. काल्पनिक वा सांकेतिक नाम वा अंक राख्ने विधि -**

उजुरीकर्ता. पीडित, साक्षी र आयोगलाई छानविनमा सहयोग गर्ने व्यक्तिको परिचयात्मक विवरण गोप्य गख्नका लागि काल्पनिक वा सांकेतिक नाम वा अंक दिँदा आयोग वा अनुसन्धान अधिकारीले नै त्यस्तो काल्पनिक वा सांकेतिक नाम वा अंक तय गर्नु पर्नेछ ।

**१०. गोप्यता भंग वा प्रकाश गर्न नहने -**

गोप्य राखिएको परिचयात्मक विवरण थाहा पाउने कसैले पनि त्यस्तो गोप्य राखिएको परिचयात्मक विवरण कुनै पनि माध्यमबाट गोप्यता भंग गर्न वा गोप्यता भंग हुने तवरले कुनै काम गर्न वा प्रकाशन वा प्रचार प्रसार गर्नु गराउनु हुँदैन ।

**११. काल्पनिक वा साङ्केतिक नाम नै प्रयोग गर्नपर्ने -**

आयोगको काम कारवाहीको क्रममा गोप्य राखिएको परिचयात्मक विवरण कहीं कतै उल्लेख गर्नु पर्दा निजलाई दिइएको काल्पनिक वा सांकेतिक नाम वा चिन्ह नै प्रयोग गर्नु पर्नेछ ।

**१२. अभिलेख किताव खडा गर्ने -**

व्यक्तिगत परिचयात्मक विवरण गोप्य राखिएको अभिलेख खडा गरी राखु पर्नेछ । त्यस्तो अभिलेख सम्बन्धित महाशाखा प्रमुखको जिम्मामा रहनेछ ।

**१३. तोकिएको अधिकारीको अनुमतिले मात्र हेर्न पाइने -**

गोप्य राखिएको परिचयात्मक विवरण उल्लेख भएको कागज वा व्यहोरा आयोग वा सम्बन्धित महाशाखा प्रमुखको अनुमतिले बाहेक कोही कसैले पनि खोल्न, हेर्न, प्रकाशन गर्न हुँदैन ।

**१४. कार्यविधिको पालना -**

यो कार्यविधिमा उल्लिखित कुराहरुको पालना गर्नु सबैको कर्तव्य हुनेछ ।

**१५. कार्यविधिको अनुगमन -**

यो कार्यविधि सबैको जानकारीका लागि प्रकाशमा ल्याइनेछ । यस कार्यविधि प्रयोग र पालना भए नभएको बारे आयोगले अनुगमन गर्न सक्नेछ।

**१६. प्रचलित कानुन बमोजिम हुने -**

यो कार्यविधीमा उल्लेख भएदेखि बाहेकका अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**१७. वाधा अडकाउ फुकाउने -**

प्रस्तुत कार्यविधिको प्रयोग र पालनामा कुनै वाधा अड्काउ पर्न गएमा आयोगबाट निर्णय भएवमोजिम हुनेछ ।

## अनुसची

## संकेत नाम तय गरिएको विवरण

व्यक्ति वेपत्ता पारिएको भन्ने द.नं. .... को यस आयोगमा परेको उजूरीका उजूरीकर्ता/पीडित साक्षी/आयोगलाई सहयोग गर्ने अन्य व्यक्तिको वास्तविक परिचयात्मक विवरणको सट्टा देहाय वमोजिमको संकेत नाम दिइएको छ ।

| क्र.स. | वास्तविक नाम थर वतन | सांकेतिक नाम वा अ अंक | उजूरी दर्ता नं. | कैफियत |
|---|---|---|---|---|
| | | | | |

संकेत नाम पाउनेको सही ..................................

प्रमाणित गर्नेको सही ............................